लुम्बिनी प्रदेश सरकार
सिफारिस समितिको सचिवालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी**
**सूचना**

प्रकाशित मिति २०८३/०१/२४

प्रदेश पूर्वाधार विकास प्राधिकरणमा रिक्त प्रमुख कार्यकारी अधिकृत पद खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले प्रदेशको पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ को दफा १८ को उपदफा (१) बमोजिमको योग्यता पुगेको इच्छुक नेपाली नागरिकले २०८३ बैशाख ३० गते कार्यालय समय भित्र समितिको सचिवालय प्रदेश पूर्वाधार विकास प्राधिकरणको कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालमा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्तको ढाँचा, पेश गर्नुपर्ने कागजात र विवरण देहाय बमोजिम रहेको छ :-

**१. आवश्यक न्युनतम योग्यताः**

(क) उमेर ३५ वर्ष पूरा गरी ६५ वर्ष ननाघेको ।

(ख) कम्तिमा १० वर्ष पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्वजनिक, निजि साझेदारी, दिगो विकास, ईन्जिनियरिङ्ग, विकास प्रशासन, व्यवस्थापन वा कानूनका क्षेत्रमा अनुसन्धान वा काम गरेको ।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमा कम्तिमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको ।

(घ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको ।

(ङ) प्रचलित कानुन बमोजिम दामासाहीको अवस्थामा नरहेको ।

**२. आवेदकले पेश गर्नुपर्ने कागजात तथा विवरणः**

क. तोकिएको ढाँचामा आवेदन ।

ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ग. वैयक्तिक विवरण (Curriculum Vitae),

घ. कार्ययोजना (Unicode Kalimati Font Size 12 मा पाँच हजार शब्द नबढ्ने गरी- ३ प्रति): प्रदेश पूर्वाधार विकास प्राधिकरणको परिचय, उद्देश्य, कार्यक्षेत्र, यसको सेवा प्रवाहमा सुधार ल्याउन देखिएका विद्यमान चुनौति, आत्मनिर्भरता सम्बन्धमा अवलम्बन गर्नुपर्ने कार्यहरू, प्रदेश सरकारको राजस्व वृद्धि हुने उपाय र अवलम्बन गर्नुपर्ने विधि, स्रोत व्यवस्थापन, समन्वय, अनुगमन, मूल्याङ्कन लगायतका कार्यान्वयन कार्ययोजना संलग्न हुनुपर्ने साथै कार्ययोजनामा आवेदकको परिचय खुल्ने कुनै चिन्ह वा संकेत गर्न पाइने छैन ।

ङ. पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्वजनिक- निजी साझेदारी, दिगो विकास, ईन्जिनियरिङ्ग, विकास प्रशासन, व्यवस्थापन वा कानूनका क्षेत्रमा अनुसन्धान वा काम गरेको कम्तिमा १० वर्षको अनुभव हासिल गरेको पुष्टि हुने प्रमाणित कागजात ।

च. मान्यता प्राप्त शिक्षण संस्थाबाट माथि खण्ड (ङ) मा उल्लेख भएका विषयमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । विदेशी विश्वविद्यालयबाट उपाधि हासिल गरेको हकमा समकक्षताको प्रमाण ।

छ. शैक्षिक योग्यता, अनुभव को प्रमाण लगायतका अन्य कागजात र  कार्ययोजना छुट्टाछुट्टै खाममा सिलबन्दी गरी मूल खाम भित्र राखी पुनः सिलबन्दी  गरी पेश गर्नुपर्ने छ ।

३. **आवेदन सम्बन्धी व्यवस्था :**

(क) आवेदन दस्तुर बापत रु १५००/- (अक्षरुपी एक हजार पाँच सय रुपैंया) कार्यालय कोड नं ३०१००५६०३५, राजस्व शिर्षक नं १४२२४, ख १.१ राजस्व खाता नं २७४०२००००0१००१००००0१, नेपाल बैंक लिमिटेड,  सिसहनिया शाखामा जम्मा गरेको सक्कल  भौचर पेश गर्नुपर्ने छ ।

(ख) दरखास्त बुझाउने स्थान : सिफारिस समितिको सचिवालय प्रदेश पूर्वाधार विकास प्राधिकरणको कार्यालय, बिजौरी देउखुरी

(ग)आवश्यक कागजात पुरा नभएको म्याद नाघी पेश भएको र रित पूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन ।

४. **छनौट प्रकृयाः** लुम्बिनी प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्बन्धी कार्यविधि, २०८३ बमोजिम हुनेछ । उक्त कार्यविधि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाइट मा हेर्न सकिने छ ।

५. **पदावधि र कार्यक्षेत्रगत शर्तहरुः** प्रमुख कार्यकारी अधिकृतको पदावधि र कार्यक्षेत्रगत शर्तहरु पूर्वाधार विकास प्राधिकरण ऐन,२०७७ एवं कार्यसम्पादन करार बमोजिम हुनेछ ।

६. **प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सुविधाः** प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सुविधा र अन्य सेवा सर्तहरु प्रदेश सरकारले तोकेबमोजिम हुनेछ ।

७. **कार्यसम्पादन करार गर्नुपर्नेः** प्रमुख कार्यकारी अधिकृतले तोकिए बमोजिम कार्यसम्पादन करार गर्नुपर्ने छ ।

८. अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

९. यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा प्रदेश पूर्वाधार विकास प्राधिकरणका सुचना अधिकारी को सम्पर्क नं ९८६९८४५०७९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।